# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་[illegible]གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प.सं. २०८०/०८१
च.नं.

कोशी प्रदेश, नेपाल

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

(दोस्रो पटक प्रकाशित मिति -२०८१/०२/३०)

### (सोलुदुधकुण्ड नगरपालिकाको मालसामान लिलाम वढावढ सम्वन्धी सूचना)

सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्वुको स्वामित्वमा रहेका देहायका पुराना जिन्सी मालसामानहरु सोलुदुधकुण्ड नगरपालिकाको स्वीकृत लिलाम सम्वन्धी कार्यविधी २०८१, को नियम ३ वमोजिम देहाय अनुसार लिलाम वढावढवाट विक्री गर्न मिति २०८१/०२/२१ मा प्रथम पटक सूचना प्रकाशन गरिएकोमा तोकिएको मिति र समयमा लिलाम बढाबढको बोलकबोलमा कोही पनि उपस्थित नभएकाले पुनः लिलाम वढावढवाट सोहि सामानहरू विक्री गरिने भएकाले इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी, संघसंस्थाहररूलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसील

१. मालसामानको विवरण

| क्र.सं | जिन्सी सामानको नाम | स्पिेसिफिकेशन | परिमाण | न्युनतम मूल्य जम्मा रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | घुम्ने कुर्सी (Revolving Chair) | | २७ थान | ६०,९०२/५० | |
| २. | कम्प्युटर टेवल | काठको | ३ थान | ५,०१५/- | |
| ३. | टेलिभिजन | Wega LED TV 21 इन्च | १ थान | ५,३८१/- | |
| ४. | टेलिभिजन | Himstar LED TV इन्च | १ थान | ४,७३५/- | |
| | कुल जम्मा | | | ७६,०३४/- | |

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.

सोलुदुधकुण्ड नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

२. लिलाम वढावढ हुने स्थान - सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्वु
मिति - सूचना प्रकाशित भएको मितिले ८ औं दिन र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट ।
समय - विहान ११.०० देखी दिउसो १.०० वजेसम्म

३. माथी उल्लेखित सवै जिन्सी सामानहरुको न्यूनतम मूल्यवाट नै लिलाम वढावढ हुनेछ ।

४. लिलाम सकार गर्न डाँक वोल्नु भन्दा अघि नै न्युनतम अंकको १० प्रतिशतले हुन आउने रकम नगद धरौटी राख्नु पर्नेछ र डाँक वोल्न इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी, संघसंस्थाहरुले एक १ दिन अघि कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ । साथै डाँक अंक वढ्दै गएमा सोही अनुपातमा धरौटी थप्दै जानु पर्नेछ ।

५. लिलाम प्रक्रियामा सहभागी मध्ये वढावढवाट उच्चतम डाक अंक कवोल गर्नेको डाक लिलाम स्वीकृत गरिनेछ ।

६. लिलाम स्वीकृतको सूचना प्राप्त भएपछि उक्त मालसामान ७ दिनभित्र सकार गर्ने व्यक्ति, फर्म वा संघसंस्थाले रा.वा. बैंक सल्लेरी स्थित कार्यालयको राजश्व खाता नं. २०२०१००३०१०१०००५ मा वा कार्यालयको राजश्व शाखामा नगद रकम जम्मा गरी सो को सक्कलै भौचर पेश गर्नु पर्नेछ ।सो पश्चात मात्र लिलाम सकार गरेको सामान उपलव्ध गराइनेछ ।

७. लिलाम सकार गरेको सामान कवोल गरेको पूरा रकम बुझाई तोकिएको अवधिमा नउठाएमा सो वापत राखिएको धरौटी जफत गरिनेछ ।

८. लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार सोलुदुधकुण्ड नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

९. माथी उल्लेखित भए देखि वाहेक अन्य कुराहरु आ.प्र ऐन, नियम तथा प्रचलित कानून वमोजिम हुनेछ ।

१०. यस सम्वन्धमा अन्य आवश्यक कुरा वुझ्न परेमा सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्वु वा कार्यालयको फोन नं. ०३८-५२०२६४ मा सम्पर्क राख्न सकिनेछ ।

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत